आज मिति २०८१ साल फागुन महिना २८ गते बुधबारका दिन भिमाद नगरपालिका, तनहुँको आर्थिक वर्ष २०८१/०८२ को नगर कार्यपालिकाको चौधौ वैठक नगर प्रमुख श्री दधिराज सुवेदीज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थितिमा वसि देहाय वमोजिम निर्णय गरियो ।

## उपस्थिति

| | | | |
|---|---|---|---|
| | श्री दधिराज सुवेदी | अध्यक्ष | प्रमुख |
| | श्री शारदा खनाल | सदस्य | उप-प्रमुख |
| | श्री दिपक आले | सदस्य | वडा अध्यक्ष १ |
| | श्री दिनेश कुमार थापा | सदस्य | वडा अध्यक्ष २ |
| | श्री पदमराज सेन ठकुरी | सदस्य | वडा अध्यक्ष ३ |
| | श्री रामकृष्ण राना | सदस्य | वडा अध्यक्ष ४ |
| | श्री पदम वहादुर थापा | सदस्य | वडा अध्यक्ष ५ |
| | श्री श्याम सुन्दर जोशी | सदस्य | वडा अध्यक्ष ६ |
| | श्री प्रकाश श्रेष्ठ | सदस्य | वडा अध्यक्ष ७ |
| | श्री अण बहादुर शाही | सदस्य | वडा अध्यक्ष ८ |
| | श्री रन बहादुर थापा | सदस्य | वडा अध्यक्ष ९ |
| | श्री स्यानी माया थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री उमा कुमाल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री इन्दिरा खडका थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री दमन्ती कुमारी शाही | सदस्य | कार्यपालिका सदस्य |
| | श्री ओम कुमारी थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री विर बहादुर वस्याल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री सन्दिप नगर्ची | सदस्य | कार्यपालिका सदस्य |
| | श्री संगिता विक | सदस्य | कार्यपालिका सदस्य |
| | श्री कमलप्रसाद पुन | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |
| आमन्त्रित उपस्थिति | | | |
| | श्री सन्दिप पौडेल | | उप-सचिव |
| | श्री टेकावती ढकाल | | शाखा अधिकृत |

आर्थिक वर्ष २०८१/०८२ को चौधौं नगर कार्यपालिका बैठकको एजेन्डा तथा निर्णयहरु (२०८१/११/२८

१. संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) र वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) को नतिजा सार्वजनिक गर्ने सम्बन्धमा,

निर्णय नं. १

स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ (संशोधन सहित)" वमोजिम भिमाद नगरपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को प्रारम्भिक नतिजा जिल्ला समन्वय समिति, तनहुँवाट पृष्ठपोषण प्राप्त भइ पृष्ठपोषण समेतका आधारमा कागजात तयार गरी अनुमोदनको लागि पेश भएको उक्त कार्यविधि अनुसार प्राप्त भएको अंक ६७.७५ सार्वजनिक गर्ने निर्णय गरियो ।

निर्णय नं.२

वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ वमोजिम भिमाद नगरपालिकाको वित्तीय सुशासन, जोखिम मूल्याङ्कन प्रणाली (FRA) को प्रारम्भिक नतिजा जिल्ला समन्वय समिति, तनहुँवाट पृष्ठपोषण प्राप्त भइ पृष्ठपोषण समेतका आधारमा कागजात तयार गरी उक्त कार्यविधि अनुसार अंक ७० प्राप्त भएकोमा नतिजा सार्वजनिक गर्नको लागि जिल्ला समन्वय समिति, तनहुँलाई अनुरोध गर्ने निर्णय गरियो ।